# विद्युत नियमन आयोग

(नेपाल सरकारको विद्युत क्षेत्रको नियामक निकाय)

२०८१ मंसिर १२

## प्रेस विज्ञप्ति

विद्युत नियमन आयोग नेपालको विद्युत क्षेत्रको नियमन गर्ने स्वतन्त्र नियामक निकाय हो। आयोगद्वारा गरिने काम कारबाहीले आम सर्वसाधारण तथा समग्र विद्युत क्षेत्र तथा राज्यको अर्थतन्त्रलाई समेत प्रत्यक्ष प्रभाव पार्दछ। सरकारको राजस्वसँग सम्बन्धित बक्यौता महसुल उठाउने जस्ता गम्भीर विषयसँग आयोगको नाम जोडी दुष्प्रचार भयो भने आयोगले गर्ने काम कारबाही प्रति आम सर्वसाधारण तथा सरोकारवालाहरु माझ नकारात्मक सन्देश प्रवाह हुन्छ। विवादित डेडिकेटेड फिडर तथा ट्रंकलाइनको बक्यौता महसुल बारे आयोगको मिति २०८१/०८/११ मा बसेको बैठकको निर्णय बमोजिम नेपाल विद्युत प्राधिकरणलाई जारी गरिएको निर्देशन सम्बन्धमा केही पत्रपत्रिका तथा सञ्चार माध्यमबाट यस आयोगको नाम जोडी भ्रमपूर्ण अभिव्यक्ति सम्प्रेषण भएको विषयप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ।

विगत केही वर्ष देखि चलिरहेको डेडिकेटेड फिडर तथा ट्रंकलाइनको बक्यौता महसुल विवादका सम्बन्धमा नेपाल विद्युत् प्राधिकरणबाट जारी भएका बिलहरु टीओडी मिटरको मापदण्ड अनुरुपकै हुन् भन्ने प्राधिकरणको दाबी भएकोमा प्राधिकरणबाट जारी भएको बिल टीओडी मिटरको मापदण्ड अनुरुप नभएको हुनाले आफूहरु मर्कामा परेको भन्ने सेवाग्राही उद्योगहरुको गुनासो रहेको र आमसंचार जगत तथा जनमानसमा समेत यस विषयमा पक्ष र विपक्षमा विभाजित मत तथा अभिमतहरु व्यक्त भैरहेको परिप्रेक्षमा यो विषय सार्वजनिक चासोको विषय समेत बन्न पुगेको छ । विवादित उपभोक्ताहरु हालसम्म विद्युत् नियमन आयोग ऐन, २०७४ को दफा १८ को प्रकृया अपनाएर विवाद समाधानको लागि आयोगसमक्ष नआउनु भएकोले उक्त विषयले उक्त दफा १८ को प्रावधान बमोजिम विवादको रुपमा आयोगमा विधिवत् प्रवेश पाइसकेको अवस्था नभएको व्यहोरा पनि स्पष्ट गर्न चाहन्छौं । तथापि २०७२ सालदेखि सिर्जित यो मामिलालाई अब अरु धेरै नलम्ब्याई यसको शीघ्र निराकरण हुनुपर्दछ भन्ने यस आयोगको मान्यता रहेको छ र यसको लागि आयोग प्रयत्नशील रहेको छ।

नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०८१।७।२५ मा –"डेडिकेटेड फिडर तथा ट्रङ्क लाइनबाट विद्युत् उपभोग गर्ने ग्राहकहरुले खपत गरेको विद्युतको बक्यौता रकम time of Day मिटर समेतको आधारमा महसुल निर्धारण तथा असुली सम्बन्धी तत्काल प्रचलित कानून बमोजिम गणना गरी पन्ध्र दिनभित्र असुलउपर ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयले गर्ने गराउने" –भन्ने निर्णय भएको व्यहोरा

**विद्युत नियमन आयोग**
सानो गौचरण, काठमाडौं, नेपाल
इमेलः info@erc.gov.np | वेबसाइटः www.erc.gov.np
फोनः +९७७-१-४४२२४४२, ४४३९००४, ४४४३३९० | फ्याक्सः +९७७-१-४४३२५८२

सार्वजनिक भएकै छ ।साथै नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८१।७।२५ को निर्णय अनुसारको विद्युत् महसुलको बक्यौता रकम प्रशासनिक तथा प्राविधिक हिसाबले आवश्यक जाँच गरी प्रतिवेदन पेश गर्ने गरी - "**जाँचबुझ आयोगको प्रतिवेदनको सिफारिश अनुसार मिति २०७२ माघदेखि २०७५ बैशाखसम्म Time of Day (TOD) मिटर समेतको आधारमा डेडिकेटेड फिडर तथा ट्रङ्कलाइनबाट विद्युत् उपभोग गर्ने ग्राहकहरुको बक्यौता विद्युत् महसुल निर्धारण गर्ने सम्बन्धी आवश्यक सत्य तथ्य विवरण/प्रमाण सङ्कलन एवं प्रमाणीकरण गर्ने**" भन्ने कायदिश सहित नेपाल सरकार (मन्त्रीस्तर) बाट मिति २०८१।८।२ मा निर्णय भई प्रा. डा. अरबिन्द कुमार मिश्रको संयोजकत्वमा बक्यौता रकमको जाँच गर्ने प्राविधिक समिति गठन भएको व्यहोरा पनि सार्वजनिक भैसकेकै हुँदा उक्त विवाद न्यायसंगत तथा स्थायी रुपमा समाधान गर्ने कर्तव्य तथा दायित्व नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय र मन्त्रालय अन्तर्गतका सम्बन्धित निकायहरुमा रहेको व्यहोरा स्पष्टै छ ।

सो विवाद यस आयोगको चासोको विषय भएकै हुनाले विवादको समाधानका निमित्त सरोकारवाला निकायलाई सहजीकरण गरिदिनु यस आयोगको कर्तव्य हुने कुरामा कुनै सन्देह छैन र यही क्रममा आयोगद्वारा विभिन्न मितिमा निर्णय गरी सम्बन्धित निकायलाई बारम्बार निर्देशन गर्दै आइरहेको छ। यसरी नियामक निकायको हैसियतले सहजीकरण गर्ने क्रममा सबैभन्दा पछिल्लो पटक आयोगको मिति २०८१/०८/११ मा बसेको बैठकद्वारा नेपाल विद्युत प्राधिकरणलाई निर्देशन जारी गरिएको हो । उक्त निर्देशनको मूल आशय यसप्रकार रहेको छः

- प्राधिकरणले उपभोक्ताहरुबाट विद्युतको बक्यौता रकम Time of Day मिटर समेतको आधारमा महसुल निर्धारण तथा असुलीसम्बन्धी तत्काल प्रचलित कानून बमोजिम गणना गरी असुलउपर गर्ने अभियानलाई निरन्तरता दिने ।
- विवादित डेडिकेटेड फीडर र ट्रङ्कलाइनको बक्यौता विद्युत् महसुलको विषय नेपाल सरकारको छानबिनको दायरामा आइसकेको अबको परिवर्तित स्थितिमा माथि उल्लेखित समितिले आफ्नो कार्य सम्पन्न गरी तथ्य स्थापित नहुन्जेलसम्म प्राधिकरणले सो विषयलाई अलिक फरक ढङ्गले हेर्ने रणनीति अपनाउने ।
- ठूला ग्राहकहरुबाट बक्यौता असुल गर्ने क्रममा विद्युत् लाइन बिच्छेदको कारवाही गरियो भने प्राधिकरणले त्यस्ता ग्राहकबाट आर्जन गर्ने नियमित आम्दानीमा नकारात्मक असर परी क्षति हुन जाने साथै विद्युत् लाइन बिच्छेदको कारणले उद्योगहरु बन्द भएमा रोजगारी तथा उत्पादन समेत प्रभावित भई देश र समाजलाई क्षति हुन जाने व्यवहारिक पक्षउपर समुचित विचार पुर्याउने रणनीतिको समेत अवलम्बन गर्ने ।

# विद्युत नियमन आयोग

(नेपाल सरकारको विद्युत क्षेत्रको नियामक निकाय)

- विवादित विषय नेपाल सरकारको छानबिनको दायरामा आई TOD मिटरको तथ्य जाँच गर्न छुट्टै समिति गठन भैसकेको हुँदा उक्त समितिद्वारा आफ्नो कार्य सम्पन्न गरी नेपाल सरकारलाई प्रतिवेदन बुझाएपछि त्यसउपर नेपाल सरकारबाट निर्णय भएर तथ्य स्थापित नभएसम्म वा यस आयोगबाट अर्को निर्देशन प्राप्त नभएसम्म प्राधिकरणले निज उपभोक्ताहरुउपर थप कारवाही नगरी यथास्थितिमा राख्ने । तर बक्यौता असुलीको लागि विद्युत् लाइन बिच्छेदको कारवाही बाहेक अन्य दबाबमूलक कारवाही गर्न भने कुनै बाधा नपर्ने ।
- उपभोक्ताले उक्त बक्यौता रकम बुझाउन ल्याएको अवस्थामा सो कार्य नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०८१।७।२५ मा भएको निर्णयसम्मत नै हुने हुँदा सो रकम विधिवत् बुझिलिई हिसाबमिलान/फरफारक गर्दै जाने । पछि छानबिनबाट ठहर हुन आएको रकमको हकमा सोही बमोजिम समायोजन, हिसाबमिलान वा असुली गरी फरफारक गर्ने ।

पुनश्चः उक्त विवाद न्यायोचित तवरले समाधान हुनुपर्दछ भन्ने आयोगको मान्यता अनुरुप नै सहजीकरण हेतु प्राधिकरणलाई निर्देशन जारी गरिएको र यस विषयमा विवादका कुनै पक्षहरु (नेपाल सरकार वा प्राधिकरण वा उपभोक्ताहरु) प्रति पनि आयोगको कुनै प्रकारको आग्रह पूर्वाग्रह नभएको र आयोग कसैबाट पनि प्रभावित नहुने साथै तटस्थ र निष्पक्ष ढङ्गले आफ्नो कार्य सम्पादन गर्ने व्यहोरा समेत स्पष्ट गर्न चाहन्छौं । यस आयोगबाट हुने काम कारबाहीबारे खबर सम्प्रेषण गर्दा आयोगका प्रवक्ता तथा सूचना अधिकारी मार्फत आधिकारिक सूचना प्राप्त गरेर मात्र सत्य तथ्यमा आधारित भई जानकारी सम्प्रेषण गरिदिनु हुन समेत सबैमा अनुरोध छ।

..........................

हरि बहादुर खत्री

(सि.डि.ई.)

**विद्युत नियमन आयोग**

सानो गौचरण, काठमाडौं, नेपाल

इमेलः info@erc.gov.np | वेबसाइटः www.erc.gov.np

फोनः +९७७-१-४४२२४४२, ४४३९००४, ४४४३३९० | फ्याक्सः +९७७-१-४४३२५८२